# तिलोत्तमा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
**मणिग्राम, रुपन्देही, ५नं. प्रदेश**

प.सं.: ०७६/०७७/प्रशासन
च.नं.:

**नगर प्रहरी आवश्यकता सम्बन्धी सूचना।**

**(प्रथम पटक प्रकाशित मितिः २०७६/११/१५)**

यस नगरपालिका कार्यालयको लागि नगर प्रहरी पदको लागि करार सेवामा कर्मचारीहरु नियुक्त गर्न परेको हुँदा योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुले आफ्नो ब्यक्तिगत विवरण, नागरिकताको प्रमाणपत्र तथा शैक्षिक योग्यता र अनुभवका प्रमाणपत्रहरु, नगरपालिका कार्यालयको राजश्व शाखामा नगर प्रहरी सहायक निरीक्षक पदको लागि रु. ७००/- र नगर प्रहरी जवानको लागि रु. ५००/- बुझाएको रसिद संलग्न राखि यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदक स्वयं उपस्थित भई नगरपालिकाले तोकेको ढाँचामा यस कार्यालयको कर्मचारी प्रशासन शाखामा दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**क. पदको विवरणः**

| क्र.सं. | विज्ञापन नं. | पद | आवश्यक संख्या | सेवाको प्रकार |
|---|---|---|---|---|
| १ | ०७/०७६-७७ | नगर प्रहरी सहायक निरीक्षक | १ जना | करार |
| | | नगर प्रहरी जवान | २ जना | |

**ख. आवश्यक योग्यताः**

१. नेपाली नागरिक हुनुपर्ने।

२. उमेरः १८ वर्ष पुरा भई ३५ वर्ष ननाघेको, (भु.पु.सैनिक तथा प्रहरीको हकमा ४० वर्ष ननाघेको)

३. शैक्षिक योग्यताः नगर प्रहरी सहायक निरीक्षकको हकमा प्रविणता प्रमाण पत्र तह (+२) उत्तिर्ण हुनुपर्ने र जवानको हकमा एस.एल.सी. वा सो सरह। (भुपु सैनिकको हकमा शैक्षिक योग्यता लागु हुने छैन)

४. सवारी चालक अनुमति पत्र प्राप्त गरेकोलाई प्राथमिकता दिइने।

५. नैतिक पतन देखिने फौजदारी अभियोगमा सजाय नपाएको।

६. भविष्यमा सरकारी नोकरीको निमित्त अयोग्य ठहरिने गरी वर्खास्त नभएको।

७. उचाँई, छाती र तौलः पुरुषको हकमा उचाई कम्तिमा ५ फिट २ इन्च, छाती कम्तीमा ३१-३३, तौल कम्तिमा ५० के.जी. र महिलाको हकमाः उचाई कम्तिमा ५ फिट, तौल कम्तिमा ४२ के.जी. भएको।

८. आँखा -२ वा +२ भन्दा बढी कमजोर नभएको।

९. सुबिधाः नगरपालिकाले तोके बमोजिम हुनेछ।

१०. छनौटको प्रक्रियाः पदपुर्ति समितिले तोके बमोजिम हुनेछ।

**नोटः दरखास्त फाराम पाठ्यक्रम तथा अन्य जानकारी कार्यालयको वेभसाईट www.tilottamamun.gov.np तथा नगरपालिका कार्यालयबाट प्राप्त गर्न सकिनेछ।**

माधव प्रसाद शर्मा
प्रमुख प्रशासकीय अधिकृत